वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आर्क वेल्डिङ,क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सम्पर्क गर्नुहोस् ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४४२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक ११८ ○श्रेणी 'क' ○२०७२ माघ १५ गते शुक्रबार ○ 29 Jan. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

खुशीको खबर !!!

योग निद्रा सिकेर आफूलाई रोगमुक्त राखनुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुम्ल्याहा रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।

मोवाइल : ९८९६१०३२१६

कास्की कांग्रेसमा क्रियाशील सदस्यता विवाद

नेताहरूलाई नै पन्छाउने खेल

गोल्डेन न्यूज संवाददाता
पोखरा १४ माघ ।

नेपाली कांग्रेसले आफ्नो स्थापनाको सात दशक लामो यात्रा पार गर्दै छ । देशको प्रमुख राजनीतिक दलको रुपमा रहेको नेपाली कांग्रेस १३औं महाधिवेशनको सघारमा छ । १३औं महाधिवेशन अन्तर्गत अहिले जिल्ला, क्षेत्र, नगर र गाउं समितिको अधिवेशनका लागि नेता कार्यकर्ता दौडधुपमा छन् । कास्कीमा पनि कांग्रेसका सबै जसो नेताहरु चुनावी रणनीति बनाउने र आफ्नो अनुकूलकालाई क्षेत्रीय प्रतिनिधि हुँदै माथिल्लो जिम्मेवारीमा ल्याउने कसरतमा छन् ।

गाउं र नगरको अधिवेशन माघ १५ गते शुक्रवार हुँदैछ । यसका लागि सबै नेता कार्यकर्ता आफ्नै गाउं र नगरमा बढी केन्द्रित भएका छन् । पाटीको क्रियाशील सदस्य रहेकाहरुले मात्र नेतृत्व चयन प्रक्रियामा भाग लिन पाउने भएकोले क्रियाशील सदस्य वितरणमा जिल्ला कार्यसमितिका सीमित पदाधिकारीहरु संलग्न रहेको बताइन्छ । केही गाउं र नगरका बढाबाट कांग्रेसको जिल्ला समितिको महत्वपूर्ण पदमा आउन चाहनेहरुको सदस्यता हटाइएको र केही ठाउंमा स्थानान्तरण नगरिएकोले कतिपय आकाङ्क्षीको पार्टीमा जिम्मेवारी लिने बाटो बन्द भएको छ । तर कतिपय गाउं र बडामा भने नयां सदस्यहरु थपिने क्रम माघ १४ अर्थात विहीवारसम्म पनि जारी छ । कास्की कांग्रेसको समितिमा रहेका केही पदाधिकारीले आफ्ना अनुयायीलाई मात्र पार्टीमा आउन दिने र आफूसंग असहमत राख्ने वा नेतृत्वमा आउन सक्ने क्षमता भएकाको बाटो बन्द गर्ने खेल खेलिरहेका छन् । कास्कीमा सभापतिको उम्मेदवार भएर चर्चामा आएका महासमिति सदस्य देवराज चालिसेको नाम समेत क्रियाशील सदस्यको सूचीमा नभएपछि विहीवार विहानमात्र चालिसेको नामलाई छुट सदस्य भर्ने केन्द्रले पठाएको छ । चालिसेको नाम सरी क्रियाशील सदस्यको फाराम समेत नभरेका दर्जनौ व्यक्तिको नामावली केन्द्रले पठाएपछि खैवाबैला नै मच्चिएको थियो । १२औं महाधिवेशनमा पार्टीको जिल्ला सचिवका प्रत्यासी गंगाधर पराजुलीको नाम समेत सम्बन्धित क्षेत्रमा नआएपछि धेरै नेता कार्यकर्ता अचम्ममा परेका छन् । पूर्व महामन्त्री तारानाथ रानाभाट लगायतका केही नेताले क्रियाशील सदस्यको नामावलीमा भएको त्रुटी सच्याउन जिल्ला र केन्द्रका निर्वाचन अधिकृतहरुसंग माग गरेपनि उनीहरुले पार्टीको जिल्लाले गरेको निर्णयलाई नै आधारहरु कार्यान्वयन गरेको भनी पन्छिएका थिए । कास्कीका निर्वाचन अधिकृत खिमराज पौडेल पनि जिल्लाका सीमित व्यक्तिसंग मात्र बसेर उनीहरुकै इसारामा काम गरिरहेका छन् । उनीसंग त्रुटि सच्याउन आग्रह गरेपनि निरीहपन मात्र देखाउने गरेको नेविसंघका नेता गोपाल गुरुङले बताए । गुरुङको पनि ढिकुरपोखरीमा क्रियाशील सदस्य हुनुपर्ने मा छुटाइएको छ । गुरुङले जिल्ला समितिमै रहेका केही पदाधिकारीले आफूहरुलाई समस्या पर्ने सम्भावना देखेपछि जिल्लाको विभिन्न ठाउंका क्रियाशील सदस्यहरुको नाम छुटाएको बताए ।

निर्वाचनको अघिल्लो दिन पनि कास्की कांग्रेसको कार्यालय बेवारिसे जस्तै देखिएको थियो । निर्वाचन समिति र सचिवालयको नामावली पार्टीका कार्यालय सचिव भगवान ...ले मात्र सदस्यहरुको नामावली सम्बन्धित ठाउंमा पठाउने काम गरेको देखिन्छ । निर्वाचन अधिकृत बनेर आएका पौडेल भने १/२ जना जिल्लाका नेतासंग हिंड्ने र समस्या आएमा भागेर पार्टी कार्यालय नजिकैको होटलको कोठामा पुग्ने गरेका छन् ।

सदस्यताको नामावली सम्बन्धमा त्रुटि भएको गुनासो लिएर गाउं-गाउंका कार्यकर्ता कार्यालयमा पुगेपनि उनीहरुको गुनासो सुन्ने जिम्मेवार व्यक्ति नहुंदा चिन्तित देखिन्थे । यस्तै समस्या र गुनासो सुनेपछि जिल्ला सभापति यज्ञबहादुर थापा दिनभर ज्वरो आएर बिरामी परेको भनि घरमै आराम गरेर बसेका थिए । 'मैले ज्वरो आयो भनेर नाटक गरेको होइन, साच्चै बिरामी भएर घरमै सुतेको छु ।'-गुनासो गर्ने नेता कार्यकर्तालाई सभापति थापाको जवाफ थियो ।

पार्टीको केन्द्रीय निर्वाचन समितिले क्रियाशील सदस्यता लगायत केही विषयमा विवाद भएमा र त्रुटि भएमा सम्बन्धित निर्वाचन अधिकृतले पार्टीको सम्बन्धित समिति र नेताहरुको बैठक गरेर निर्णय गर्ने अधिकार निर्वाचन अधिकृतलाई दिएको छ । तर कास्कीका निर्वाचन अधिकृत पौडेलको कमजोर कार्यशैली र जिल्ला समितिका पदाधिकारीहरु को स्वार्थ अनि बेवास्ताका कारण कार्यकर्ताको असन्तुष्टिलाई सम्बोधन गर्नेतर्फ कुनै पहल भएको छैन । जसका कारण थुप्रै नेता कार्यकर्ताले पार्टीको विभिन्न तहको जिम्मेवारी लिन सक्ने क्षमता र सम्भावना भएपनि उनीहरु त्यसबाट वञ्चित हुन पुगेका छन् भने कतिपयले मताधिकारको सुविधा समेत नपाउने भएका छन् ।

'हतारमा बजेट खर्चने प्रवृत्तिको अन्त्य हुनुपर्छ'

पोखरा १४ माघ ।(गोल्डेन)

पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गतका जिल्ला वन कार्यालय, भूसंरक्षण कार्यालय एवम् मातहतका कार्यालय, आयोजना र परियोजनाको क्षेत्रीय योजनातर्जुमा गोष्ठी बिहीवारदेखि सुरु भएको छ । पश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालय पोखराको आयोजनामा भएको दुईदिने सो गोष्ठीमा ती निकायका १६० प्रमुखको सहभागिता छ । वन तथा भूसंरक्षण मन्त्रालयका सचिव उदयचन्द्र ठाकुरले गोष्ठीको शुभारम्भ गर्दै कार्यालयमा विनियोजित बजेट डा अन्नपूर्ण दासले नदीनालाको खर्च गर्न नसक्ने प्रवृत्ति बढ्दै गएकामा चिन्ता व्यक्त गरे। आवको लामो समयसम्म बजेट खर्च नगर्ने र आवको अन्त्यतिर हतार हतारमा बजेट खर्चने प्रवृत्तिको अन्त्य हुनुपर्नेमा जोड दिंदै सचिव ठाकुरले कार्यालयको बेरुजु फछ्यौंटलाई ५० प्रतिशतभन्दा माथि पुऱ्याउनुपर्ने बताए । राष्ट्रपति चुरे तराई मधेस संरक्षण समितिका सदस्य सचिव लामो समयसम्म बजेट खर्च नगर्ने र आवको अन्त्यतिर हतार हतारमा बजेट खर्चने प्रवृत्तिको अन्त्य हुनुपर्नेमा जोड दिंदै सचिव ठाकुरले प्रशासन कार्यालयका सहक्षेत्रीय प्रशासक दिवाकर बास्तोलाले कर्मचारीलाई इमान्दारीपूर्वक काम गर्न आग्रह गरे ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
पश्चिमाञ्चल क्षेत्रीय कार्यालय,पोखराको सूचना

कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरि अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल फोन वा फ्याक्स गरि भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन गर्ने कार्यमा सहयोग पुऱ्याउनुहुन सबैमा हार्दिक अनुरोध छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
पश्चिमाञ्चल क्षेत्रीय कार्यालय,पोखरा
फोन नम्बर : ०६१-५४०४५१, ५४०४५०, ५२२७०१, ५२२७०२
फ्याक्स नं. ०६१-५४०४५२, हटलाइन : ९८५६०८०००००
इमेल : ciaapkr@gmail.com

लेखनाथमा भण्डारीको चर्चा

सन्दिप पौडेल
पोखरा १४ माघ ।

नेपाली कांग्रेसको १३औं महाधिवेशन नजिकिंदै गर्दा विभिन्न ईकाईहरुमा चहलपहल बढेको छ । यसैक्रममा लेखनाथमा चर्चामा रहेका ३ जना पत्यासीहरु कल्याण बाबु भण्डारी, राजेन्द्रमणि लामिछाने, सुरज जंग राणा आआफ्नै रणनीतिमा लागेका छन् । लेखनाथका विभिन्न ईकाईमा कार्यक्रम मार्फत जनमत जुटाउंदै गर्दा प्रभावशाली नेता भण्डारी आफूलाई निर्विरोध हुने दावी गरेका छन् । 'निरन्तर राजनीतिमा छु । लोभ र लाभमा मुछिएको छैन, सबैको सल्लाहमा संगठन गर्छु, स्थानीय निकायको कुनै पनि पदमा दावा गर्दिन', उनले भने-'सबै अराजलाई सम्मान गर्दै अघि बढ्छु ।' 'उहांहरु भन्दा म राम्रो र अब्बल छु होइन, सहमतिमा नेतृत्व लिने छु । कोही क्षेत्रमा र कोही नगरमा र कोही स्थानीय निकायमा जांदा सबैलाई भूमिका मिल्छ भन्ने मेरो आशय हो'-उनले भने । उनले थपे-'१२ औं महाधिवेशनलाई हामीले एकताको महाधिवेशका रुपमा लिएर अगाडि बढेको साढे पांच वर्ष वितिसक्दा पनि आजसम्म भावनात्मक एकता हुन नसकेको तितो यथार्थलाई आत्मसाथ गर्दै चुनावी प्रतस्पर्धामा जोडि संगठनमा सट उपसट्को राजनीतिले थप प्रवय पाउने छ । कमजोर संगठनको नेता हुन भन्दा मजबुत संगठनको कार्यकर्ता बन्न लाग्दै म सहमतिको वातावरणमा विश्वस्त छु ।' उनले सुरज जंग राणा आफ्नो व्यक्तिगत जीवनमा अत्यन्त निकट मित्र र छिमेकी भएको र राजेन्द्रमणि लामिछानेको कार्यसमितिको सदस्य बनेर एक कार्यकाल काम गरिसकेको बताए। भण्डारीले चुनावले लोकतन्त्र र लोकतान्त्रिक पद्धतिलाई मजबुत पार्ने भएतापनि आफ्नो व्यक्तिगत र भावनात्मक कारणले प्रत्यासी दुर्वीजनार्सग मतदान प्रक्रियालाई आफूले उचित नठान्ने र आफ्नो प्रयत्न निर्विरोध बनेमा रहेको भन्दै सफल हुने आशा लिएको बताए ।

सुजता सभापतिमा

पोखरा १४ माघ ।

नेपाली कांग्रेसकी नेत्री सुजाता कोइरालाले आफूले १३औं महाधिवेशनमा सभापति पदमा उम्मेदवारी दिने बताएकी छन् । नेपाल प्रेस युनियन मोरङद्वारा विराटनगरमा आयोजित पत्रकार सम्मेलनमा उनले पार्टीलाई मजबुत बनाउन र युवालाई राजनीतिको मूलधारमा ल्याउन आफू सभापति पदमा उठेको स्पष्ट गरिन् । नेतृ कोइरालाले अहिले कार्यकर्तालै नयां पुस्ता र नयां अनुहारको नेतृत्व खोजेको छ बताइन् ।

STUDY, WORK & LIVE IN
USA
Intake: Spring 2016
- USD 9000 PA Tuition Fee,
- High visa success rate,
- Special class for TOEFL/ IELTS on going for USA.
Min Req.: +2 or Eqvl.
IELTS: Optional
Hurry Up !
Limited Seats for Nepali Students.
ROYAL INTERNATIONAL EDUCATION NETWORK PVT. LTD.
www.royalien.com
Ranipauwa
House no.: 50, Infront of NTC
Tel: 061-533386
Email: info@royalien.com | Web www.royalien.com

के तपाई नेपालमै केही गर्न चाहानुहुन्छ ?
★ सिर्जना मिनी मार्केट ★
यहां भांडा, खाद्यान्न, फलफुल, तरकारी, लताकपडा व्यवसाय गर्न सकिन्छ ।

नेपाल लिटरेचर फेस्टिभल
NEPAL LITERATURE FESTIVAL
१५-१८ माघ, २०७२ (पोखरा)
(29 Jan-1 Feb 2016, Pokhara)
जहाँ शब्दहरु जीवन्त हुन्छन् ;
वक्ताहरू:
जेपी ज्वस, तीर्थ श्रेष्ठ, पितापर शर्मा, रविन्द अधिकारी, भलक सुवेदी, सूर्यराज आचार्य, स्वर्णिम वागले, बाबुराम भट्टराई, योगेश भट्टराई, सुधीर शर्मा, नारायण वागले, बुद्धिसागर, बसन्त बस्नेत, इरा त्रिवेदी, शिवानी न्यौपाने, गनेस पौडेल, शरच्चन्द वस्ती, खगेन्द्र संग्रौला, मोहन गैनाली, मनु मञ्जित, सरिता तिवारी, श्वण मुकारुब, संगीत श्रोता, रवीन्द्र मिश्र, शारदा शर्मा, नयनराज पाण्डे, मनु मञ्जित, प्रविण अधिकारी, विपिन अधिकारी, सुरेन्द्र लाभ, दिनेश प्रसाई, विजय कुमार, अनुप बराल, तीर्थ श्रेष्ठ, सरस्वती प्रतीक्षा, दुर्गा बराल, शेखर पराजुली, उपेन्द्र सुब्बा, श्याम साह, सीमा आभास, थोमस वेल, कर्ण दास, विवेक श्रेष्ठ, नारायण अमृत, आहुती, सञ्जीव पोखरेल, प्रशान्त भा, युग पाठक, कुन्द दीक्षित, बर्खा दत्त, कुमार नगरकोटी, अमर न्यौपाने, राजेश हमाल, लीलामणि पौड्याल, गगन थापा, युवराज पिमिरे, किरण नेपाल, चन्दकिशोर, भलक सुवेदी, प्रकट पंगेनी शिव, दीपक सनिप, ईश्वरमणि अधिकारी, रूपिन्द प्रभाबी, जीवनसागर भण्डारी, मन क्षेत्री, उदिपराज ढुंगाना, कपिल शर्मा, सुमन लम्साल, विर्सना बस्नेत, सरला लामिछाने 'सरू', प्रतिज्ञा सस्मित, किसान, सन्दीप गौतम, विहाल थापा, कृष्ण अधिकारी 'चुपक', समिर हुमागाई, अमृत सुवेदी, ऋचा भट्टराई, दयाहाङ राई, यज्ञश, प्रणय राना, प्रविन अधिकारी, रवि थापा, सगुना शाह, नयनराज पाण्डे, सुविन भट्टराई, नारायण वागले, गौरी मल्ल, रेखा थापा, ऋचा शर्मा, किशोर नेपाल, तीर्थ श्रेष्ठ, उपेन्द्र सुब्बा, सरिता तिवारी, संगीत श्रोता, सीमा आभास, सरस्वती श्रेष्ठ सरू, लक्ष्मण थापा, गौरी मल्ल, सरस्वती प्रतीक्षा
समय : दिउंसो ११ बजेदेखि ५ बजेसम्म
तिति : माघ १७ देखि माघ १८ सम्म
स्थान : नेपाल दुरिजम बोर्ड, पार्क, पोखरा
www.nepalliteraturefestival.com
Co-organiser
Sponsored by :
Supported by :
Event Partner : photo.circle
Hospitality Partner
Organised by BOOKWORM FOUNDATION

साहित्य

मुक्तकहरु

तीर्थराज अधिकारी

कति पर्खुन् हालसम्म कसैले जवाफ पठाएनन्
अश्वस्थामाले आफ्नो उमेर घटाएकी घटाएनन्
भाँचिएको शिवको धनुष मर्मत होस् की नहोस् बरु
नेपालका शहीदहरू स्वर्गमा अटाएकी अटाएनन् ?
❖❖❖

विशिष्ट कार्यका लागि गरेको त्याग उत्सर्ग हो
सबै भन्छन् परोपकार नै असल पावन मार्ग हो
आफ्नो त खै ! समय र सङ्कल्प खेर गयो
हरपलको जीवन जहाजको धावन मार्ग हो ।
❖❖❖

हर वखतको गुन-गुन वनिदिन्छु
सिङ्गी मन भित्र नअटाए भन प्रिय !
रुप विनाको मजवून वनिदिन्छु ।
❖❖❖

रातमा शितल दिने पनि जून छ
अँध्यारोमा प्रकाश दिने पनि जून छ
दिनमा मात्र देखिने सूर्य त क भो ?
उदाए पनि हुन्छ नउदाए पनि हुन्छ ।
❖❖❖

तपाईले बोलाउनु भयो आएँ
भलाकुसारी गरे मीठो-मीठो खाएँ
घर फर्कदा नराम्रो ठेस लाग्यो मलाई
अनि बल्ल षड्यन्त्र रहेछ भन्ने चाल पाएँ ।
❖❖❖

भने जस्तै पाउँदा मनै दङ्ग भयो
हेर्दै जाँदा विस्तारै दृश्य वदरङ्ग भयो
सबै प्रक्रिया मात्र रहेछ भने बुझ्दैपछि मात्र
संसारिक वस्तुसँग मोह भङ्ग भयो ।
❖❖❖

राहत बाँडे दुनो थापें अलिकति पातमा लाग्यो
बराबरी बाँडुन खोजे धेरै जसो हातमा लाग्यो
चाट्न थाले केटाकेटी आफू नियालेर हेरी बसें
जावो पित्को के हुन्थ्यो ! आत्मा होइन दाँतमा लाग्यो ।
❖❖❖

समारोहमा आमन्त्रण आयो समापन भएपछि पुगेछु
प्रमुख अतिथिमा अकैंको नाम रहेपछि पुगेछु
सपनामा आफ्नै अन्तिम संस्कारमा सामेल हुँदा
सबै मलामी फिर्ता गएपछि पुगेछु ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल माघ १५ गते शुक्रवार, तदनुसार जनवरी २९ सन् २०१६, श्रीशार्के १९३७, नेपाल संवत् ११३६, कीलकनामक संवत्सर:, सूर्य पश्चिको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शिशिर ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार पौषशुक्लपक्ष चलिरहेको छ। सौरमान अनुसार आज माघकृष्णपक्षको चतुर्थी तिथि १० घटि २३ पला अर्थात बिहानमा ११ बजेर ४ मिनेटसम्म त्यसउप्रान्त पञ्चमी तिथि लाग्नेछ। आज सूर्य मकर राशिमा, चन्द्रमा सिंह राशिमा अहोरात्र रहनेछ। आज दिनमान २६ घटि ५१ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ५५ मिनेटमा रावण मूहर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ३९ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : पारिवारिक जमघट बढ्ने, राजनैतिक क्षेत्रमा सफलता, गरेको प्रयास सार्थक रहनेछ दिन शुभ छ उपयोग गर्नुहोला ।

वृष : यशकृर्ति बढ्ने, शत्रुमाथि विजय हासिल, घरमा नयाँ मान्छेको आगामन हुनेछ, दिन सुखद बित्नेछ ।

मिथुन : गर्न खोजेको काम विफल हुनेछन, मनमा अशान्ति छाउने, स्वास्थ्यमा एक्कासी गडवडी आउन सक्नेछ सर्तक हुनुहोला ।

कर्कट : विरोधीहरू सक्रिय हुनेछन्, अपजस आईलाग्ने, अनाश्यक टकराव खेप्नु पर्ने दिन शुभ छैन चनाखो रहनुहोला ।

सिंह : सबै क्षेत्रबाट लाभ पाइन सक्ने, आर्थिक समस्याको समाधान हुने, नविन कार्यको थालनी गर्दा राम्रो, दिन शुभ रहेको छ ।

कन्या : आठेजाति काम गर्न असफल, अफत्तबाट विरोध आउनेछ, व्यापारमा मन्दी आउने, दिन सामान्य रहेको छ ।

तुला : आफत्तजनसंग मनमुटाव हुन सक्ला, मन चञ्चल रहने, पेटवा कम्मरको रोग लाग्ने, चिन्ता पर्ने खबर पाएछ ।

वृश्चिक : मानसिक पीडा थपिने, मानहानी, आफत्तबाट धोका हुन सक्ने, आमदानीका श्रोतहरू घट्नेछन् नआतिनु होला ।

धनु : टाढाबाट धन प्राप्त हुन सक्नेछ, प्रियतम भटघाट हुनेछ, धार्मिक क्षेत्रबाट लाभ पाइनेछ, स्वास्थ्य राम्रो रहेछ ।

मकर : नयाँ ठाँउमा जाँदा आवरसत्कार पाइने, नयाँ क्षेत्रमा गरेको लगानीबाट मनग्य आम्दानी, दिन अत्यन्त राम्रो छ ।

कुम्भ : सरकारी कार्य असफल हुन सक्छ, मुद्दा मामिलामा हात नहान्नुहोला, इज्जतमा आँच आउन सक्नेछ ।

मीन : चोटपटकको भय, टाढाको यात्रा असफल हुनेछ जोगिनुहोला, नास्तिक विचारले सताउनेछ, समय खराब रहेको छ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

साहित्य/सिर्जना

निहाङ र जवानीका उच्छ्वासहरू : बुकी

किरात वस्ती, धरमपुर।८, झापा निवासी निहाङ किराती पछिल्लो समय गजल साधनामा लागेका छन्। उनको गजल मोह र साधनालाई हेर्दा यसरी नै गजलको विधागत विकासका लागि लागिरहे भने अवश्य राम्रा गजलकारका रूपमा आफूलाई चिनाउन सफल हुनेमा दुई मत राख्नु पर्दैन। उनको गजल सङ्ग्रह बुकी पहिलो भए पनि त्यो लक्षण देखाइसकेको छ। धरमपुर साहित्य प्रतिष्ठान झापाले प्रकाशन गरेको किरातीको प्रस्तुत कृतिमा संरचनाका हिसाबले बीट लगाउने ट्रायड देखिँदैन। ७२ पृष्ठमा फैलिएको प्रस्तुत कृतिमा सामान्य गजल तथा मिश्रीकय र अन्य गजलहरू गरी दुई खण्डमा विभाजन गरिएको छ। कृतिको पहिलो खण्डमा ३५ र दोस्रो खण्डमा १४ गरी ५० थान गजल समावेश छन्।

प्रस्तुत कृति अध्ययन पछि गर्न सकिने अनुमान उनी जवानीमा रमाइरहेका छन् या जवानीकी झल्को बटुलिरहेका छन्। यी दुई कुरामा बुझ्क हुन सकिन्छ किन भने किरातीसँग पछुत्तिकारको भेट भएको छैन। उनी १६ वर्षे जवानीमा प्रवेश गरेका पनि हुन सक्छन् र युवा अवस्था पार गरी सकेर जवानीका उच्छ्वास गजलका माध्यमबाट सुसेलेका पनि हुन सक्छन्। जे भए पनि उनको प्रस्तुत कृति भित्रका गजल अध्ययन पछि के भन्न सकिन्छ भने किरातीले आफ्नो अन्तर मनका वेदना प्रकट गर्ने सूचकका रूपमा गजललाई लिएका छन्। यही गजलको माध्यमबाट उनले सुस्केराहरू सुसेल्दै जीवनको गोरेटोमा लामो सास तानि-तानि गजलको साधनामा लागेका छन्। हेर्दै उनले कसरी सुस्केरा हालेका छन् गजलका माध्यमबाट,

मन भित्रको रहरहरू छेक्नै गाह्रो हुने
सोह वर्षे जवानीलाई थेग्नै गाह्रो हुने
मुटुमाझ राखी सके सजैभरि तिमीलाई
कति हेरूँ कौशीतिर देख्नै गाह्रो हुने
तिम्रो याममा मेरो छाती सजैभर जलेपछि
जली रहेको घाउलाई सेक्नै गाह्रो हुने
भर्जिन प्याक पिएपछि वेहोशीको मातले
ठीक बाटोमा हिंड्दा पनि टेक्नै गाह्रो हुने ।(पृ.२७।

साच्चै सोह वर्षे जवानी थेग्न सबैलाई गाह्रो हुन्छ। थेग्न सकेले सफल जीवनयापन गरिरहेका छन् भने थेग्न नसकी विचलीमा परिरहेका छन्, त्यो सबैलाई थाहा भएको कुरा हो। किरातीले त्यो वेला वेगीसके या थेग्न बाँकी छ उनै जानुन तर उनी सफल गजलकार बन्नका लागि भरी, बादल, हुस्सु सबै पार गर्नु आवश्यक छ। सफल मान्छेहरू चमत्कार हुने र कुनै काम सजिलोसँग बनी हाल्ने आशमा बस्दैनन। उनीहरू बाधा, अड्चन माथि विजय पाउन साहस र सामर्थ्यमा निर्भर बन्छन्। त्यसैले साधारण र असाधारण मानव बीचको खास भिन्नता भनेकै यही हो। यो कुरामा किरातीले आफ्नो क्षमताको विकास गराउन नितान्त आवश्यक छ।

प्रस्तुत बुकी गजल सङ्ग्रहमा समावेश किरातीका अधिकांश गजलहरूमा जवानीका उच्छ्वासहरू नै पोखिएका छन्। कृतिको दोस्रो खण्डमा रहेका केही मिथकीय र अरू गजलहरूमा समसामयिक केही गजल रहे तापनि कृतिको पल्ला जवानीका गजलहरूले नै भारी बनाइएको छ। उनका गजलमा कतै मायालुलाई मायामा एकोहोरो बनेका कथा आएका छन्। कतै मायालुलाई कसरी रेल्न सकुँला भनेर चार चौरास गर्दाका कुरा कतै आफूलाई छाडेर गएपछिका पीडा त, कतै उनीसँगै सोचमा हुँदा रमाइलो संग बिताएका दिनका सम्झना रहेका छन्। हेरौं उनको मायामा आगो सल्केपछि पोखिएको उच्छ्वास, अर्को एक गजलमा,

भेट मीठो तिम्रो मेरो चौतारीको वरमाथि
परेवाको जोडी हुन्थ्यो सधैं तिम्रो घरमाथि
पवित्र नाता अनि साथमा माया भएपनि
अनाहकमा शंका गऱ्यौ तिमीले मेरो घर माथि
विश्वासको फूल रोपौं, मन जित्न सकें भने
नछुट्टिने प्रण गर मेरो आशा भरमाथि
प्रेमपर सम्बन्धको छाप्तो हान्ने सोच्दा-सोच्दै
हजारौं श्रून् लागिदिन्छ मौलाएको खरमाथि ।(पृ. ३१।

हिजोसँगै हुँदा आफ्नो जोडीलाई परेका सम्झेका किराती मायालुले छाडेर गएपछि बाटो कुरेरै भए पनि एक झल्को देखेर मन बुझाउन विवश भएका छन्। उनी चोट दिने विन्तीपत्र थमाएर अकोंको हात समाएर रमाउँदै जाने मायालुको कहिल्यै कुभलो चाहदैनन्। उनको रूप र वैशको चर्चा चल्न थालेपछि आफ्नो माया फिक्का भएको सम्झन्छन्। मेरा गल्ती नै भएको भए पनि माफ चाहन्छु, तिमी आई मेरो जिन्दगी रङ्गीन र सङ्गीन बनाऊ। मैले दिल भित्र बालेको प्रेमको दियो अझै निभ्न दिएको छैन भनेर आफ्नो उच्छ्वास यसरी व्यक्त गरेका छन् कृतिको शीर्ष गजलमा,

लेकतिर उभो लाग्दा देखेको हुँ बुकी मैले
हेर्दै पर्ने भयो अब धोवाटोमा बुकी मैले
आउँछौ भन्ने आशा गर्छु मेरो जिन्दगीमा
निभ्न देको छैन अझै मनभित्रको दुकी मैले
बाटो वर्ते पर्छ रे भन्ने मात्र सुनेको हुँ
वर्षौं भयो नदेखेको हेर्नुछ लुकी मैले
गल्ती मेरो हजार होलान भएन भाँदर्न म
आइरेऊ माफी मागछु तिम्रो सामु झुकी मैले ।पृ.५४।

हरेक व्यक्ति जन्मेपछि आफ्नो जन्मभूमी र जननीप्रति ऋणी हुन्छ त्यो ऋण हरेक असल सन्तानले तिर्दै आइरहेका छन्। यहाँ किरातीले पनि यस धरतीमा नफर्कने गरेर गएकी आमाप्रति समर्पित गजल लेखेर जननीप्रतिको श्रद्धाभाव व्यक्त गरेका छन्। उनले लेखेको पाँच शेरको गजल कृतिको गजलक्रमको अगाडि नै राखेका छन्। आफ्नी आमा विवशताको जञ्जिरमा परेर आफूलगायत सम्पूर्ण आफन्तजन परिवारलाई छोडेर जाँदा सबै रित्तो भएको, मनमा पीडा परेको भाव व्यक्त गरेका छन्। छ महिनासम्म अस्पतालमा राखेर उपचार गराए तापनि निको हुन नसकेको पीडा ओकल्दै भाग्य नै यस्तै रहेछ अब अर्को जुनी रहेछ भने स्वर्गमा भेट गरौंला आमा भनेर मन बुझाएका छन्। यस्तै उनले आफूबाट छुटाँटपर परएका आफ्ना मित्र तपेन देवानप्रति समर्पित गरेर पनि गजल लेखेका छन्। जो यस कृतिका प्रकाशक पनि हुन्, उक्त गजलमा किरातीले यादले सीमा नाघे पनि मोवाइलमा फोन गरी समय समयमा भेटौंला भन्ने आशावादी चिन्तन राखेका छन्।

एकातर्फ प्रेमको विरह ओकलेका किरातीले अर्कोतर्फ राष्ट्रपे्रमलाई पनि उत्तिकै माया गरेका छन्। उनले देशमा आएको पछिल्लो विषम परिस्थितिका बारेमा केही गजल लेखेका छन्। अधिकारप्राप्तिका लागि भएका आन्दोलनलाई लिएर चिन्ता व्यक्त गरेका छन्। आन्दोलनका कारण देशमा उत्पन्ति, प्रगति हुन सक्दैन, प्रगति नभएपछि हाम्रो भविष्य अन्धोलमा पर्छ। हामी मिलेर अगाडि बढुनुपर्छ, हामी मिलेको खण्डमा कसैले केही गर्न सक्दैन भन्ने भाव उनले आफ्नो कृतिका दोस्रो खण्डमा समावेश गजलका माध्यमबाट व्यक्त गरेका छन्। हेरौं उनको मिथकीय र अरू गजल खण्डको एक गजल,

एकापसमा सहयोग गरगर हुनुपर्छ
दुःख पर्दा छिमेकीमा सरासर हुनुपर्छ
भत्तादेखि सत्तासम्म तिम्रो मेरो जीत हुन
हार नहुने भागवण्डा बराबर हुनुपर्छ
तिमीले पनि बाँच्नुपर्छ म पनि त्यसै भन्छु
बाँच्नलाई मानापार्थी भराभर हुनुपर्छ
सबै धर्म सबै जात सद्भाव कायम राख्न
कैले पहाड कैले तराई भराभर हुनुपर्छ ।पृ.६२।

असफल गौतम

तीन शेरदेखि पाँच शेरसम्मको संरचनामा रहेका ५० थान गजलमा सरल भाषाशैलीको प्रयोग छ। गजलमा साधनाको आवश्यकता आफ्ना टाउँमा छ तर उनका गजलहरू कति छिटो स्वादिला बनाउने भन्ने कुरा अब उनकै हातमा छ। उनले कति साधना गर्न सक्छन् ? कति असल स्रष्टा साधकसँगको सहकार्यबाट कति ज्ञान आर्जन गर्न सक्छन् ? यी पाठकको मुठ्ठी भित्रको कुरा होइन। लेखकको स्वयम् जिम्मेवारी हो। उनले कम लेखन र धेरै अध्ययन गर्न आवश्यक देखिन्छ। जति बढी अध्ययनको दायरालाई फराकिलो बनाउन सकियो त्यति नै बढी शब्दसँग चनखेल गर्न सकिन्छ। आखिर साहित्य भनेको शब्दको चनखेल नै त हो ? गयो शब्दको संयोजन गराउन उनले अध्ययनको दायरालाई फराकिलो पानैपर्छ। सीमित अध्ययनको असीमित लेखनले गर्दा प्रस्तुत कृति भित्रका गजलहरू पाठकले अपेक्षा गरे जति वजनदार छैनन्।

एउटा मानिसको असल तथा खराब गुणको कसी निजको आचरणव्यवहार नै हो। किरातीसँगको आचारणव्यवहार नै नगरेका वेला उनी असल या खराब गुण भएका कस्ता व्यक्ति हुन भनेर उनका असल र खराब गुणको बारेमा यहाँ चर्चा गर्न खोजिको होइन। तर कृतिगत रूपमा अध्ययनका लागि उसको आचारण र व्यवहार आवश्यक पर्दैन। एउटा लेखकले आफ्नो लेखकीय क्षमता प्रदर्शन गरिसकेको हुन्छ। यहाँ किरातीको व्यक्तिगत जीवनको आचरणव्यवहार भन्दा पनि गजल साधनाको व्यवहार हेर्दा, किरातीका गजलरू फाँकिरहेका छन्। यो फकाई पृष्टिन अझै केही समय लाग्छ नै। यसका लागि किरातीले ख्याल गर्नुपर्ने कुराहरू धेरै छन्, किनभने वलियो पाइला छ भनेमा रथ समुन्द्रमा दौडन सक्दैन। त्यसका लागि उपयुक्त स्थानको आवश्यकता पर्दछ। किरातीका फाँकिरहेका गजलका लागि वासना छनें उपयुक्त स्थानको खाँचो महशुस हुन थालेको छ। अन्तमा किरातीलाई एउटै भन्न मन लागेको कुरा, मान्छेको सबैभन्दा ठूलो प्रेरक तत्व भनेकै आफूभित्रको विश्वास हो। हरेक मान्छे आफना काम र व्यवहारका लागि आफै जिम्मेवार हुनुपर्छ। सोही जिम्मेवारीको स्विकारोत्तिवाट जीवनमा सुधार आउँछ र गुणस्तरिय साहित्य लेखनमा सहयोग पुग्छ। अबको बाँकी तिम्रो जीवनमा आफनो जिम्मेवारी स्वीकार गरेर अगाडि बढ्न सक्नु यही कामना !

पोखरामा आज नाटक मञ्चन

गोल्डेन न्यूज संवाददाता
पोखरा १४ माघ ।

पोखरामा आज 'मान भर्सेज मति' नाटकको मञ्चन हुने भएको छ। पोखरामा थियटर हल निर्माणको सहयोगार्थ युथ क्रियसन थियटर पोखराको स्थानिय व्यवस्थापनमा नाटक मञ्चन हुन लागेको हो। थियटर मल कोठामण्डीको तेस्रो प्रस्तुती 'मान भर्सेज मति' पोखरा समागृहमा दिउँसो ४ बजेदेखि शुरु हुने युथ क्रियशन थियटरका अध्यक्ष कपिल शर्माले बताएका छन्। मध्यम वर्गको सामान्य परिवारको अति सामान्य कथामा बुनिएको नाटक 'मान भर्सेज मति' केदार श्रेष्ठको लेखन तथा निर्देशनमा पोखरामा मञ्चन हुँदैछ। नाटकमा निश्चित सोच र समय बोकेका निश्चित पात्रको असामान्य लाग्ने सामान्य व्यवहारलाई नै दृश्यात्मक बनाउने प्रयत्न गरिएको निर्देशक श्रेष्ठको दावी छ। नाटकमा, 'एकै परिवार भित्रका फरक उमेर र फरक भोगाई कावीच फरक फरक चाहनाको झोला भिरेका केही पात्रहरु अभिमान र विवेकबीचको द्वन्द्व बोकेर सल्वाउने प्रयत्न गरेका छन्।' उनले बताए। अभय बराल, प्रेमवर्षा खड्का, कुशल पाण्डे, सबीर चुरौटे, शारदा अधिकारी, रोजिना श्रेष्ठ, रोसन सुवेदी लगायतका कलाकारहरुको अभिनय रहेको नाटकमा सञ्जिता सञ्जी र प्रेमवर्षा खड्काको भेसभूषा, केदार श्रेष्ठ र सञ्जिता सञ्जीको मञ्च परिकल्पना तथा व्यवस्थापन, देव त्यौपानेको ध्वनी संयोजन, घनश्याम श्रेष्ठ र दिलजङ्ग गुरुङको प्रकाश परिकल्पना तथा परिचालन, सुमनसागर जंग केसीको कोरियोग्राफी रहेको छ।

गुरुङ सम्मानित

पोखरा १४ माघ ।

पोखराको चाटुलेचौरमा रहेको हिमालय बस्तवे संरचनाबाट जीत ब. गुरुङलाई सम्मान गरेको छ। बस्तवे साकियताका अर्थलाग रहेको शिद्ध मन्दिर पुनर्निर्माणमा १ लाख रुपैया सहयोग गरेका गुरुङलाई बस्तवे कला मार्गाय सदस्य उदय ब. बस्तेत र अध्यक्ष जिवनारायण श्रेष्ठले सम्मान गरे। कार्यक्रममा बस्तवका मनोनित सदस्य दुर्गा के.सी.थापालाई पदस्थापन गराइएको छ। बस्तवका अध्यक्ष श्रेष्ठले थापालाई पदस्थापन गराए। मनोनित सदस्य थापाले कार्यक्रममा बस्तवको नाम अंकित एप्रोन समेत हस्तान्तरण गरे।

राप्रपा नेपालको भेला अभियान जारी

गोल्डेन न्यूज संवाददाता
पोखरा १४ माघ ।

राप्रपा नेपाल कास्की क्षेत्र नं. २ को आयोजनामा पोखरा १ कसेरी निमपानीको बडा भेला सम्पन्न भएको छ। हरेक बडा, क्षेत्रमा राप्रपा नेपाल भन्ने राप्रपा नेपालको राष्ट्रिय अभियानलाई सार्थक तुल्याउनको लागि भेला आयोजना गरिएको अञ्चल सचिव सूर्य बस्तोलाले जानकारी दिए। कार्यक्रममा बोल्दै राप्रपा नेपाल कास्कीका अध्यक्ष जयलाल पुनले पोखरेली जनतालाई शुद्ध खानेपानीको व्यवस्था गर्न आफ्नो टोलीले पहल गरेको बताए। कार्यक्रममा धौलागिरी संयोजक तथा केन्द्रीय सदस्य कुल बहादुर गुरुङ कुल, केन्द्रीय सदस्य रोम बहादुर भण्डारी, प्रशिक्षण विभाग केन्द्रीय सदस्य वरुण विक्रम राणा, केन्द्रीय सदस्य वीरेजंग गुरुङ, जिल्ला उपाध्यक्षद्वय नेत्रबहादुर वस्तेत, बुद्धिमान दुरा धम्पु, क्षेत्रीय अध्यक्ष गीता गुरुङ लगायतले बोलेका थिए। कार्यक्रम बडा नं. १ का अध्यक्ष मोतिमान शाक्यको अध्यक्षतामा सम्पन्न भएको थियो।

BABIN TAILORING
Shirting & Suiting
बबिन टेलरिङ् मे किन ?
- तपाईले खोजेका ब्रान्डेड गुणस्तरीय क्लाथका कपडाहरुका लागि,
- तपाईले मनेको समयमा ग्राहकसँग एकमु गुणस्तरीय सिलाईका लागि,
- ग्राहकसँग तथा आपसिक डिजाइनका लागि,
- ग्राहकसँग कोटका लागि गुणस्तरीय पेस्टिङ् मेसिन प्रयोग गरिने,
- घरैको गाडा, खहरा र विद्यालको निरलरतालको लागि,
- अर्डर बमोजिम ब्लाजिर, ब्रेक, कलेज, स्कुल र विद्यालयका सम्पुर्ण पोशाकका लागि ।
हाम्रो आफ्नो अर्थै बबिन टेलरिङ्का सिलाई बिशुद्ध छ...
बबिन टेलरिङ् सर्टिङ् एण्ड सुटिङ्
ठमाघाट, पोखरा (नजानेको ठौं)
फोन: ०६१-४२०९४१ फोन: ०६१-४२०९४२
DIGIAM Ashwin OCM Bulli

बैंक ब्यालेन्स
बैंक ब्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क
९८२६१-०६६०२

तु-अवश्यकता
पोखराका नर्सा संस्थाका लागि
ट्रेसिका लागि ट्रेसर -२ जना
नर्सिङ सुपरिवेजर -२ जना
एकाउन्टिन्ट/वेब डिजाइनर -२ जना
रेडियोग्राफर -२ जना
अल्ट्रासाउन्डविसेलता -२ जना
वाल्ड तथा लघुवित -४ जना
कृषि सम्बन्धी प्रोजेक्ट -४ जना
N.G.O.Club -४ जना
रुचरा कन्सल्टेन्सी, बुद्धटोक, पोखरा
०६१-४२५६७, ४२६७८, ९८४१६५४२८

फार्म भाडामा
पोखरा-२५ (साविक पुन्दी-भुन्दी-२) मा चालु अवस्थामा रहेको चित्पानी बराल कृषि फार्म भाडामा लिन चाहनुहुने महानुभावले यथाशीघ्र सम्पर्क राख्नुहोला ।
सम्पर्क : ९८५६०३२६४९

तु-अवश्यकता
हाउस किपिङ - २ जना
कुक हेल्पर - १ जना
डिस्वासर - १ जना
वेटर - १ जना
खाना र बस्नको प्रवन्ध छ ।
अनुभवीलेमात्र सम्पर्क गर्नुहोला ।
सम्पर्क : होटल साइलेन्ट पिक
फोन : ०६१-४६२८५७

कुक आवश्यकता
पोखराको पन्धीगल्ली स्थित कमल्स क्याफेका लागि १ जना र किचन हेल्पर १ जना चाहियो ।
तलब: आकर्षक/
आपसी समझदारीमा
फोन : ०६१-५३५७२७
९८४६९०६५७१३३

कांग्रेस सभापतिमा ५ जनाको चर्चा

काठमाडौं १४ माघ ।

नेपाली कांग्रेसको १३औं महाधिवेशनमा सभापति पदका लागि अहिलेसम्म ५ आकांक्षी देखापरेका छन् । सभापतिका ५ दावेदारमा सुशील कोइराला, शेरबहादुर देउवा, रामचन्द्र पौडेल, कृष्णप्रसाद सिटौला र सुजाता कोइराला उभिएका छन् ।

रामचन्द्रको रणनीति : कांग्रेस उपसभापति रामचन्द्र पौडेलले बुधवार रिपोर्टस क्लबको कार्यक्रममा भनेका छन्-'मलाई पार्टी सभापति हुनबाट कुनै शक्तिले रोक्दैन ।' हाल भारत भ्रमणबाट फर्केका पौडेलको यस्तो भनाइले उनी यसपटक पार्टी सभापतिमा लडेरै छाड्ने प्रष्ट संकेत गरेको छ । पार्टीको उपसभापति चलाएका नेता पौडेलले सभापतिका लागि दावी गर्नु उनको राजनीतिक 'करिअर'का लागि स्वाभाविकै हो । तर, कांग्रेसभित्र पौडेलको सुदृगत उपस्थिति निकै कमजोर छ । अहिलेसम्म सुशील कोइराला पक्षधर नेताका रुपमा परिचित पौडेलले सभापतिमा जिल्लाका लागि उनलाई सुशील कोइरालाले सहयोग गर्नुपर्ने हुन्छ । यद्यपि कोइराला आफै सभापतिमा लडे भने रामचन्द्र र सुशीलबीच भोट बाँडिन्छ र त्यसको फाइदा शेरबहादुर देउवाले लिने सम्भावना छ ।

अहिलेसम्म सुशील कोइरालाले आफै उम्मेदवार बन्ने बताइरहेका छन् । पौडेलचाहिँ कोइरालाले अन्तिम घडीमा आफूलाई साथ दिने आशमा छन् । पौडेल कांग्रेसभित्रका वैचारिक एवं तुलनात्मक रुपमा देउवाभन्दा सादगी नेताका रुपमा चिनिन्छन् । भौतिक रुपमा पनि उनी खट्न सक्ने नेता हुन् । कृषि विकासका साथै बीपीको समाजवादमा पौडेलको विशेष लगाव छ । यस अर्थमा भावी आर्थिक क्रान्तिका लागि आफू देउवाभन्दा अब्बल रहेको पौडेलको दावी छ । पार्टीभित्र प्रशिक्षण विभाग हेर्ने भएकाले पौडेल देशभरिकों प्रशिक्षणमा डुबेका छन्, जसले गर्दा उनी कार्यकर्तासँग आफ्नालई भोट दिने आशमा छन् । पछिल्लो समयमा उपसभापति पौडेललाई दक्षिणको शक्तिले समेत सघाउने विश्वासमा उनी रहेका छन् । मधेरि दिल्लीको निम्तो मानेर फर्केको अवस्था छ र सुशील कोइरालालाई सभापतिमा हराएर देउवालाई जिताउन यसपटक बाहिरी शक्तिकेन्द्रले रामचन्द्र पौडेललाई उचालेको तर्क पनि कांग्रेसभित्र सुनिन थालेको छ । पछिल्लो समयमा उपसभापति पौडेल मधेसी मोर्चाप्रति नरम देखिन थालेका छन् । साथै केपी ओली नेतृत्वको सरकारमा जान नहुने र कांग्रेसले प्रतिपक्षमै बस्नुपर्ने पौडेलको लाइन छ, जुन ओली सरकारको हितमा देखिँदैन । प्रधानमन्त्री केपी ओलीचाहिँ महाधिवेशनपछि कांग्रेस पनि सरकारमा आओस् भन्ने चाहन्छन् ।

सुजाता मन्छिन् अब पुराना अनुहारको काम द्वैन :

यसैबीच रामचन्द्र पौडेलजस्तै सुशील कोइराला क्याम्पकै नेतृ सुजाता कोइरालले पनि आफू सभापतिमा उठेर मावै होइन, जितेरै छाड्ने दावी गरेकी छिन् । 'म यसपालि सभापतिमा उठ्दैछु र मेरो जीत निश्चित छ,' सुजाताले अनलाइनखबरसँग भनिन्-पुरानो लुगा लगाएको मान्छेलाई भन्दा नयाँ लुगा लगाउनेलाई सबैले हेर्छन्, नेपाली कांग्रेसमा उही पुरानै अनुहारको अब काम छैन, युवाहरुलाई अघि बढाउनुपर्छ र म युवालाई साथ लिएर नेपाली कांग्रेसलाई अगाडि बढाउँछु ।' गिरिजाप्रसाद कोइरालाकी छोरी सुजातासँग रामचन्द्र पौडेलको जस्तो बेग्लै गुट छैन । उनले पनि सुशील कोइरालाको साथ चाहेकी छिन् । उनी भन्छिन्-'मैले सुशील'दालाई भनिसकेकी छु, यसपालि म सभापतिमा उठ्दैछु, तपाईले मलाई सघाउनुपर्छ ।'

सुजाता कोइराला र रामचन्द्र पौडेल एउटै गुटका नेता भए पनि सुजाता नेपाली कांग्रेस भन्दा पनि कांग्रेसका सहभागी हुनुपर्छ भन्ने लाइनकी नेतृ हुन् । आफू सभापति बनेर नेपाली कांग्रेसलाई पनि सरकारमा सहभागी गराउने र आगामी चुनावहरुमा कांग्रेसलाई प्रतिस्पर्धामा पहिलो बनाउने उनको लाइन छ । विगतमा सुशील कोइरालाले प्रधानमन्त्रीमा केपी ओलीसँग उठेर गल्ती गरेको र यसरी गयो कांग्रेसले राष्ट्रपति गुमाउनुपरेको सुजाताको विश्लेषण छ । तर, रामचन्द्र पौडेलचाहिँ कांग्रेस प्रतिपक्षमै बस्नुपर्ने बताउँदै आएका छन् । त्यसो त सत्तापक्षका नेताहरुले भारतको बहकावमा लागेर कांग्रेस प्रतिपक्षमा बसेको आरोप लगाउँदै आएको अवस्था छ ।

सरकारमा सहभागी हुनुपर्ने सुजाताको लाइनसँ ओली सरकारलाई महत पुर्‍याउन सक्छ भने दक्षिणको छिमेकीलाई बेखुस तुल्याउन सक्छ । त्यसो त दक्षिणी छिमेकीहरुले गिरिजाप्रसाद कोइरालाकै पालादेखि कोइराला खेमालाई एउटा दुरीमा राख्दै आएको छ । 'बीजेपी सरकारमा आएपछि झनै कांग्रेसको संस्थापन पक्षसँग भारतीय संस्थापन पक्षको राम्रो सम्बन्ध छैन । पछिल्लो दिनमा भारतले शेरबहादुर देउवा र रामचन्द्र पौडेललाई 'प्रोजेक्ट' गर्न खोजेको देखिन्छ । यससँ सुजातालाई सभापति बन्न नदिन ठूलै शक्ति लाग्ने अनुमान गर्न सकिन्छ । चीन र अन्य मुलुकहरु संग रामचन्द्रको भन्दा राम्रो पहुँच बनाएकी सुजाताले आफूलाई ठूलो शक्तिले रोक्न खोजेको अनुभूत गर्नु र रामचन्द्रले चाहि सभापति बन्न कुनै शक्तिले रोक्दैन भन्नुको अर्थ कांग्रेसभित्र विदेशीको माइक्रो म्यानेजमेन्ट सुरु भएको अर्थमा बुझ्न थालिएको छ । सुजाता कोइराला महिला भएकाले उनको पक्षमा लैङ्गिक सहानुभूति पनि आउन सक्छ । राष्ट्रपति, सभामुख सबै महिला भएका बेला ठूलो पार्टीको सभापति पनि महिला हुन सक्ने महत्वाकांक्षा सुजाताका देखिन्छ । साथै लामो समय जेल बसेको इतिहास भँजाएर नहुने भन्दै सुजाताले अब आफूले मावै कांग्रेसलाई हाँक्न सक्ने दावी गरेकी छिन् ।

तर, रामचन्द्र पौडेलले प्रधानमन्त्री पदको सुनिश्चितता खोजे जस्तै सुजातालै पनि उपसभापतिको सुनिश्चितता भए सभापतिमा उम्मेदारी नदिने धैरैको दावी छ । उनले अहिले सभापतिमा वागेलिङ गर्ने र पछि उपसभापति चित्त बुझाउने सम्भावना रहेको सुवहरु बताउँदन् ।

तर, सुजाता यो स्वीकार्न तयार छैनन् । 'म अगाडि बढिसकें, जिल्ला जिल्लामा घुमेर आफ्नो उम्मेदारी घोषणा गरिसकें,' उनी भन्छिन्, म पछि हटिदंन र जिच्छु पनि ।'

कृष्ण सिटौला अर्को दाबेदार

कांग्रेसका मनोनित महासन्ती कृष्णप्रसाद सिटौलाले सार्वजनिक रुपमा आफू सभापतिमा उठ्ने नवताए पनि निकटस्थहरुसँग सभापतिमा उम्मेदारी दिने बताउदै आएका छन् । 'अब कांग्रेसलाई जोगाउनुपर्छ र यसका लागि तीन ठूला नेतावाट पार लाग्दैन' सिटौलाले आफ्ना निकटस्थहरुसँग भन्ने गरेका छन् । विगतमा सुशील कोइराला खेमावाट महामन्त्रीसम्म बनेका सिटौला यतिबेला निकै ठूलो सकसमा छन् । राजनीतिक सुरक्षा र बढुवाको हिसाबले सिटौला यसपटक उपसभापति बन्नुपर्ने हो । एउटा पदमा एक पटकमात्रै बसेको सिटौलाको विगत छ । तर, सिटौलालाई यसपालि कोइराला खेमाले उपसभापति बनाउने कम सम्भावना छ । रामचन्द्र पौडेलको प्यानलमा लाग्दा उपसभापतिको उमेद्रार त बनियता तर जित्ने सम्भावना कमै हुन्छ । देउवा पक्षले पनि आफ्नै निकटस्थलाई पछि पारेर सिटौललाई उपसभापति बनाउने सम्भावना कमै रहेको बताइन्छ ।

यो अवस्थामा सिटौलाले सभापतिमै 'फाइट' गर्ने सोचेर भोट माग्न थालेको धैरैको अनुमान छ । देउवा पक्ष वा कोइराला पक्षले उपसभापति दिने प्रतिवद्धता गरेको अवस्थामा सिटौला सभापतिमा नलड्ने सुत्रहरुको दावी छ । सिटौलाले पनि सुजाताले जस्तै उपसभापतिको सुनिश्चितता खोजेका छन् । तर, सुजाता सुशील पक्षबाट उपसभापति बन्न चाहिँछन् भने सिटौला चाहि रामचन्द्र वा देउवाको खेमाबाट । कोइराला पक्षले उनलाई फकाउने अर्को पनि विकल्प हुन सक्छ ।

सुशील कोइरालाको सकस

यसपटकको महाधिवेशनमा सुशील कोइराला सबैभन्दा ठूलो सकसमा छन् । आफ्नै खेमाबाट सुजाता, रामचन्द्र र सिटौला तीनै जनाले सभापतिमा दावी गरेपछि सुशील अप्ठ्यारोमा छन् । आफूसहित ४ प्रमुख नेताहरुको व्यवस्थापन सुशीलका लागि निकै ठूलो चुनौती हो । आफू सभापतिमा नउठेर अरुलाई छाड्दा पनि सुशीलले धैरैको चित्त बुझाउनुपर्ने हुन्छ । रामचन्द्रलाई सभापतिमा छाडिदिएर सिटौला र सुजातालाई उपसभापति दिनका लागि पनि विधानमा ठूलै उपाध्यक्षको प्रावधान अहिलेसम्म बनिसकेको छैन । समग्रतः यही भार सुजाताले पचाइसकेमा महिलाको आरक्षित कोटा थपिनुपर्ने मागसमेत गरिरहेकी छिन् । सुशीलले आफ्नो गुटका चार आकांक्षीहरुलाई व्यवस्थापन गर्न सकेनन् भने सभापति पदबाट कोइराला खेमाले हात धुनुपर्ने स्थिति आउन सक्छ ।

देउवालाई चन्द्रमा दाहिना

सभापतिमा दावी गर्ने पाँचै जना नेताहरु आफ्नो विजयका लागि आ-आफ्नै तर्क पेस गरिरहेका छन् । तर, यी सबै तर्कभन्दा माथि उठेर देउवा नै सभापतिमा जिते पनि उनी सहज रुपमा पार्टी चलाउन सक्ने अवस्था छैन । पार्टीभित्र उनी विरोधीहरु मात्र होइन, आफ्नै पक्षका नेताहरु पनि उनलाई चन्द्रमा दाहिना बनाएर राखेका छन् । उनी सभापति भए पनि पार्टी चलाउन सहज हुने अवस्था छैन ।

कांग्रेसद्वारा विभिन्नलाई सम्मान

गोल्डेन न्यूज संवाददाता
पोखरा १४ माघ ।

नेपाली कांग्रेस पोखरा बडा इकाइ समिति-१ ले इकाइ अधिवेशनको अवसरमा विहीवार विभिन्न व्यक्तिहरुलाई सम्मान गरेको छ । सम्मानित हुनेहरुमा इकाइका पूर्व इकाई सभापति र पूर्व बडा अध्यक्षहरु रहेका छन् । उनीहरुलाई कार्यक्रमका प्रमुख अतिथी क्षेत्र नम्बर २ बाट नेपाली कांग्रेसकी तर्फवाट सभासद भएकी सारदा पौडेल र कांग्रेसका पूर्व आमन्त्रित केन्द्रीय सदस्य शुकराज शर्माले सम्मान गरेका हुन् । सम्मान कार्यक्रमका केही व्यक्तिहरुको मने उपस्थिति थिएन ।

सम्मानित हुनेहरुमा अयजहरु केशवराज पराजुली, रामलाल वाटाजु, रेजनाथ धिमिरे,नारायण उदास, कृष्ण उदास, पुकार धिमिरे,प्रकाश उदास, रामकाजी श्रेष्ठ र विवंगत भएका धीरवाहुर गुरुङ, चन्द्रकान्त पौडेल ,गोरखापत्र वाजे) गोपालवज्र श्रेष्ठ र गणेश परियार रहेका छन् । उनीहरुले नेपाली कांग्रेसको संगठन विस्तारमा दिएको योगदानको कदर गर्दै सम्मानित गरिएको इकाई सभापति रवीन्द्रवहादुर पजुले बताए । कार्यक्रममा क्षेत्र नम्बर २ का क्षेत्रीय सदस्य उमेशराज पराजुली, क्षेत्रीय प्रतिनिधी मधुशुधन पौडेल,, जिता बराल, कृष्णबहादुर वैद्य, तरुण दल कास्कीका सभापति महेन्द्र पुन, भूतपूर्व सैनिक संयोजक भुपालजंग कँवर, नगर सदस्य रविन कायस्थलगायतको उपस्थिति रहेको थियो ।

अधिवेशनमा सचिव र कोषाध्यक्षको प्रतिवेदन पारित भएको थियो भने कार्यक्रममा सभासद सारदा पौडेल, र, कांग्रेसका पूर्व आमन्त्रित केन्द्रिय सदस्य शुकराज शर्मा, पूर्व सभासद कृष्णकुमारी परियार,महिला संघ इकाइ सभापति लक्ष्मी पराजुली, कांग्रेस पोखरा नगर सभापतिका श्रेष्ठ र विवंगत भएका धीरवाहुर गुरुङ, चन्द्रकान्त पौडेल ,गोरखापत्र वाजे) गोपालवज्र श्रेष्ठ र गणेश परियार रहेका छन् । उनीहरुले जनाइ ।

प्रो. वद्री के.सी. : ४८५६०३२४८६
प्रो. गोपाल बहादुर कार्की : ४८५६०३९८७२
प्रो. राजेश के.सी. : ४८५६०३७३७९
ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापोतीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकाबस, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक : खाना सधि नहुने, अमिलो पानी आउने, भोलिल दकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
थोरा सहास्या : लिङ्ग स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्पर्ज दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिनावारी नाडवाडी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट दाह्रे कमर दुखे, पेट तथा छातीमा भएको सेतो धब्बा हटाउने, स्तन बढाउने तथा घटाउने तथा हाईट गर्ने, यौन चाहनामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक ग्यारेन्टिवट सफल उपचार ।
थप उपचार : प्रेसर, सुगर, ज्यौन्डिस, पिसास, पाइल्स, इम साबै बाथ, ढाड कमर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तल ।
शितल आयुर्वेद पसल
फुलपोखरी, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं ०६१-५३९८६७, ०६-१२२६४४८, मो. ४८४६१३७४९८
फ्रि होम डेलिभरि

सेक्यूरिटी गार्डमा वैदेशिक रोजगारको सुवर्ण अवसर
Abudhabi का Spark Middle East Star Skill Force, UAE का DPS. कम्पनी Group-4 कम्पनी, अमेरिका का Diplomatic कम्पनी तथा Qatar का Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.मा अन्तर्राष्ट्रिय स्तरको सेक्यूरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु सञ्चालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।
तयारी कक्षा सञ्चालन गरिरहेको छ ।
तयारी कक्षा शुभारम्भ संघालन भइरहेको छ ।
सम्पर्क
आमेर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि
एवं
फिस ल्याडर इम्प्लोइमेन्ट सर्भिस प्रा.लि
पृथ्वीचोक बाट १०० मिटर पुर्व (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा बिजनेस कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५२०२२, मो. ९८४५०-४१४९२

पोखरामा पहिलो पटक
तौलघट्टक : लिङको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल राप्टिलैन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुवैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, मुलाद्वार ढिलो बढाउन, पेटको घिरा हटाउन ।
केश भर्ने रोकी उमाले तेल, Hair Building Fibers.
Cuit Face कपाल्न सप्ने अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल घटाउन (B.D.P) Body Builldo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी पुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउने ।
ढाड तथा जोर्नी दुखाई ठिक पार्ने, सम्पै सुधा पेवलिस ।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

पिससिटी लायन्सद्वारा ३ सय विद्यार्थीलाई कपडा

गोल्डेन न्यूज संवाददाता
पोखरा १४ माघ ।

लायन्स क्लव अफ पोखरा पिस सिटीले गोरखाको विकट गाँउ बुइकोट-९, स्थित श्री रामेश्वरी माध्यमिक विद्यालयका तीन सय जना विद्यार्थिलाई न्यानो कपडा तथा स्टेशनरी सामारी वितरण गरेको छ । स्कुलको प्राङगणमा आयोजित कार्यक्रममा क्लवका पदाधिकारी तथा सदस्यहरुले उक्त कपडा तथा स्टेशनरी सामारी वितरण गरेका हुन् । गत वैशाख १२ गते आएको भूकम्पमा उक्त विद्यालयको भवन क्षतिग्रस्त भएको थियो । स्कूल व्यवस्थापन समितिका अध्यक्ष कुष्णप्रसाद अग्राइको प्रमुख आतिथ्य तथा क्लवका अध्यक्ष लायन रुद्रबहादुर के.सीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा गाँउका सर्वसाधारण तथा सामाजिक व्यक्तित्वहरुको उल्लेख्य उपस्थिति रहेको थियो । स्कूलका प्रधानाध्यापक नन्दलाल भुजेल उक्त कार्यक्रममा स्वगत मन्तव्य राख्दै विस्वार्थ भावनाले ओतप्रोत भएर गरिब तथा विपन्न वर्गका बालबालिकका अध्यानरत स्कूलमा आएर सहयोग गर्नु ज्यदै उदारणीय काम रहेको बताए । त्यस्तै कार्यक्रमका प्रमुख अतिथि कृष्णप्रसाद अग्राइले प्रकृतिक विपत्तिमा परेर घरविहिन अवस्थामा रहेर पनि शिक्षा आर्जन गर्न तल्लीन बालबालिकहरुलाई यस्तो कार्यक्रमले थप उर्जा दिनेछ भन्दै यस क्लव प्रति आभार व्यक्त गरेका थिए । क्लवका स्पर्टस डाईरेक्टर लायन प्रेमबाहुर क्षेत्रीले संयोजन गरेका उक्त कार्यक्रममा सो ठाउँसम्म पुगेर सहयोग वितरण गर्ने काममा चाँजोपाँजो उक्त गाँउका स्थानिय रोलक श्रेष्ठले मिलाएको क्लवका सचिव लोकबहादुर कुँवरले बर्ताए।

मोफसलको चर्चा

पोखरा १४ माघ ।

राजधानी वाहिरका क्षेत्रलाई मोफसल भन्ने चलन छ । र, केन्द्रिकृत शक्तिका कारण मोफसल हरेक कुरामा पछाडि पर्दै आएको छ । यस्तै एउटा क्षेत्र हो, कला क्षेत्र पनि । राजधानी वाहिरका शहरहरुको पिडा पोखरामा निर्माण भएको फिल्म 'मोफसल'ले बोल्छ । नेपालका विभिन्न शहरहरुमा प्रदर्शन भैसकेको यो फिल्म अब अन्तर्राष्ट्रिय बजारतर्फ लागेको छ । फिल्मको पहिलो अन्तर्राष्ट्रिय प्रदर्शन हडकङमा हुने भएको छ । पोखरामा भने यसअगाडि नै जेठमा यो फिल्म चलिसकेको छ । दीपज्योती कला सांस्कृतिक मञ्चको ब्यानरमा आशिष पुनले निर्माण गरेको फिल्मलाई दिपेन्द्र श्रेष्ठले निर्देशन गरेका हुन् । थ्रुपै फिल्ममा अभिनेताको रुपमा रहेका दिपेन्द्रको यो डेब्यू निर्देशकिय फिल्म हो । केहि समय यता हडकङमा बस्दै आएका निर्देशक दिपेन्द्र श्रेष्ठले नै हडकङमा फिल्म प्रदर्शन गर्ने चाँजोपाँजो मिलाएका हुन् ।

खुशीको खबर !
के तपाईलाई लागीभागी भई छेवमेर गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडा पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, बाथ, शुक्री, बाँझोपन हटाउने ग्याष्ट्रिक, रक्सी छुटाउने औषधि समेत पाइन्छ । मेहिमावारी भएको ७ दिन र छुरी गरेको ९ वर्षपछिसम्म आउने ।
अकलादेवी चढेकी अधिकारी (मिस्वाचोक पृतिष्ठालय बजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ४८४६२८४५४५

विदेश जानेहरुका लागि सुवर्ण अवसर
Macow, Abudabi का Spark, Middle East, Star र Al Jaber Coin दुबई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.मा अन्तर्राष्ट्रिय स्तरको सेक्यूरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु सञ्चालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरु :-
तयारी कक्षा शुभारम्भ संचालित गरिरहेको छ ।
◇मान्यताप्राप्त उत्तीर्ण गराउन सफल ◇आफ्नै मेसासंर कम्पनीबाट प्रशिक्षण गराइने ।
◇१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क : फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचौकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा बिजनेस कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५२०२२, मो. ९८४५०-४१४९२

जीवन के.सी. मो. ९८५६० ३८०६६, ९८०६६ ४०८८७
पञ्चमुखी लक्ष्मी सप्लायर्स
हवेलीमार्ग, काजीपोखरी
पोखरा-१८
विवाह, व्रतबन्ध, भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी वाहिरणा हामीलाई सम्झनुहोस् ।

कर्मचारी आवश्यकता
पद : रिसेप्सनिष्ट
तलव : आपसी समझदारीमा
अनुभवीलाई प्राथमिकता दिइनेछ ।
सम्पर्क
प्यासिफिक एजुकेशन एण्ड मिशा सर्भिसेस
सुनौली भवन, घिल्लेढुङ्गा, पोखरा
फोन : ०६१-५२३३९३, ४८४६०३८८७५

"रंगहरुको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्टस्, रोयल ईम्पाराका साथै सिपेजको समस्या साधवान, वाटर प्रुफिङ गरिन्छ ।
फोन : ०६१-४३०९६४, मो. ९८४५०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

सस्तोमा जहाज टिकट
सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउन परेमा हामीलाई सम्झनुहोस् ।
World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

उपाधि भिडन्तमा मनाङकाे भेट आर्मीसंग

गोल्डेन न्युज संवाददाता
पोखरा १४ माघ ।

आहाराराः गोल्डकपकाे उपाधिका लागि मनाङ मस्र्याङ्दी र त्रिभुवन आर्मी क्लब भिडने भएका छन् । बिहीबार भएकाे दोस्राे सेमिफाइनलमा झापा-११ लाई ४-० काे फराकिलाे अन्तरले पराजित गर्दै मनाङले आर्मीसँगकाे भिडन्त पक्का गरेकाे हाे । आर्मी बुधबार आयोजक सहारा क्लब पोखरालाई पराजित गर्दै यसअघि नै फाइनलमा प्रवेश गरिसकेकाे छ । उपाधि भिडन्त शनिवार हुनेछ ।

पोखरा रंगशालामा भएकाे खेलमा मनाङकाे जितमा ओलाबाले एकलैले ३ गाेल गर्दै समेत ह्याट्रिक गरे । यसअघि एक गाेल गरेका उनी सर्वाधिक गाेलकर्ताका दाबेदार पनि हुन् । खेलमा सुजल श्रेष्ठले एक गाेलकाे याेगदान दिए । पहिलाे हाफ निकै राेमाञ्चक र प्रतिष्पर्धात्मक भएकाे थियाे । दुवै पक्ष आक्रामक रुपमा प्रस्तुत भएका थिए । खेलकाे १६औं मिनेटमा मनाङका अफिकन खेलाडी ओलाबालेले गाेल गर्दै अगाडि दिलाए । एक गाेलले पछि परेकाे झापा दाेश्राे हाफमा थप आक्रामक भयाे । झापालाई दबाबमा राखेर खेल्न शुरु गरेकाे झापाले ७१ औं मिनेटमा दाेश्राे गाेल खायाे । मनाङका टीम क्याप्टेन अनिल गुरुङकाे उत्कृष्ट कस पाममा खेलका म्यान अफ्दी म्याच समेत घाेषित ओलाबालेले पुन: अर्काे गाेल गरे । उनले गाेल गर्दा झापाका गाेलरक्षक किशाेर गिरी गाेलपाेष्ट भन्दा केही बाहिर थिए । दाेश्राे गाेल खाएपछि झापाले लय गुमायाे र ७४औं मिनेटमा तेश्राे गाेल खायाे । सिसाेकाेकाे कसमा सुजल श्रेष्ठले उत्कृष्ट गाेल गरे । झापाले चाैथाे गाेल भने इञ्जुरी समयमा खायाे । बायाँ साइडबाट बल अगाडि बढाउँदै लगेका सुजलले किपरलाई समेत चिट गर्दै दिएकाे पासलाई पेनाल्टी एरियामा रहेका ओलाबालेले उत्कृष्ट गाेल गर्दै ह्याट्रिक पुरा गरे । मनाङले पाएका थप केही अवसर भने गाेलमा परिणत गर्न सकेन । खेलकाे ११औं मिनेटमा आँत तामाङ र १३औं मिनेटमा विश्वास श्रेष्ठ र ४४औं मिनेटमा अनिल गुरुङले डिएरिया नजिबाट हानेकाे कडा प्रहारले गाेलपाेष्टकाे दिशा लिन सकेन । यस्तै ५० औं मिनेटमा विश्वास श्रेष्ठ र ५६औं मिनेटमा साइस्का र ६६औं मिनेटमा

विश्वासकाे उत्कृष्ट प्रहारलाई झापाका गाेलरक्षक किशाेर गिरीले गाेल हुन दिएनन् ।

रङ्गपत्तिका कमजाेर देखिएकाे झापाले केही राम्रा अवसर पाएपनि गाेलमा परिणत गर्न सकेन । झापाका याेगेश गुरुङले नवाँ मिनेटमा प्रहार गरेकाे फ्रिकिक मनाङका गाेलकिपर किरण चेम्जाेङले मुस्किलले विफल पारे । ६७औं मिनेटमा क्याप्टेन नरेन्द्रमणि लिम्बुले प्रहार गरेकाे बल पनि चेम्जाेङले मुस्किलले जाेगाए ।

त्यस्तै ८८औं मिनेटमा झापाका खामि गिल्मनकाे पासमा कर्ण लिम्बुले प्रहार गरेकाे बल जाे साउने कममा मनाङका गाेलकिपर किरण चेम्जाेङ घाइते भए । उनकाे टाउकाे गम्भीर चाेट लागेपछि मैदानबाट बाहिरिनुपरेकाे थियाे । इञ्जुरी समयकाे तेश्राे मिनेटमा दिलेन लोक्तानले प्रहार गरेकाे बल कसबार भन्दा केही माथीबाट बाहिरिएकाे थियाे ।

खेल समापन पछि मनाङका प्रशिक्षक छिरिङ लोप्साङ गुरुङले

१४औं आहाराराे गोल्डकप फुटबल प्रतियोगिता-२०७२

गाेलिकाे फाइनल खेल
मनाङ-मस्र्याङ्दी क्लब
Vs
त्रिभुवन आर्मी क्लब
स्थान : पोखरा रंगशाला

RARA
रारा तपाईं बाउन्छ

भरपदाे खेलाडी नभएपनि आफ्ना खेलाडीले साेचेअनुरुप नै खेलेकाे बताए । उनले फाइनलमा आर्मीलाई हराएर उपाधि जित्ने लक्ष्यका साथ नै खेल्ने बताए । यस्ती झापाका प्रशिक्षण भनिरहय आले मामाले आफ्ना खेलाडीले खेल्नपर्ने खेल नखेलेका कारण पराजित हुनुपरेकाे भन्दै खेलाडीप्रति असन्तुष्टि जनाए । उनले खेलाडीले खेलकाे महत्व बुझेर खेल्न नसक्दा नै समस्या आएकाे स्पष्ट पारे । प्रशिक्षक ले भने-'मेरा खेलाडीले विपक्षीकाे रणनीति बुझेर खेल्न नसकेका हुन् । हारजीत त खेलमा हुन्छ तर, आजकाे भारी अन्तर चाहि खेलाडीकाे तालमेल नमिलेकाे हाे भन्छु ।'

क्रिकेटमा नेपालकाे सुखद् सुरुवात

काठमाडौं १४ माघ ।

बंगलादेशमा जारी उन्नाइस वर्ष मुनि (यु१९) विश्वकप क्रिकेटमा नेपालले आफ्नाे पहिलाे खेलमा न्यूजिल्यान्डलाई पराजित गर्दै प्रतियाेगितामा सुखद सुरुवात गरेकाे छ । बंगलादेशकाे फत्तुल्लाह स्थित खान साहेब ओसमान अलि रङ्गशालामा सम्पन्न खेलमा नेपालले टेष्ट मान्यता प्राप्त राष्ट्र न्यूजिल्यान्डलाई ३२ रनले पराजित गरेकाे छ । जितसँगै नेपालकाे अाधिल्लाे चरण प्रवेशकाे सम्भावनासमेत प्रबल बनेकाे छ । प्रतियाेगितामा टस हारेर पहिला ब्याटिङकाे निम्ताे पाएकाे नेपालले निर्धारित ५० ओभर पूरै खेल्दै ७ विकेटकाे क्षतिमा २३८ रन जाेडेकाे थियाे । जवाफी ब्याटिङमा उक्तेकाे न्यूजिल्यान्ड भने ४७ दशमबल १ ओभरमा सबै विकेट गुमाउँदै २०६ रनमा समेटियाे ।

नेपाली युवा टाेलीले आजकाे खेलमा जित माथै निकालेनन् रन जाेड्ने कममा नयाँ इतिहासमेत बनाए । यु-१९ विश्वकप क्रिकेटमा नेपालले अहिलेसम्मकै ठूलाे याेगफल समेत बनायाे । यसअघि सन् २००६ मा नेपालले आयरल्यान्ड विरुद्धकाे खेलमा २३४ रन बनायाकाे थियाे । ए.जि.यर्ं.गितामा ओपनरद्वय सन्दिप सुनार र सुनिल धमलाले पहिलाे विकेटका लागि ३९ रनकाे साझेदारी गर्दै राम्राे सुरुवात दिलाएका थिए । कप्तान राजु रिजालले ४८ रनकाे याेगदान दिए । उनले ५५ वल खेल्दै ६ चाैका समेत प्रहार गरे । त्यस्तै सन्दिप सुनार र आरिफ शेखले समान ३९/३९ रन जाेडे । यस कममा सुनवारले एक छक्का र तीन चाैका तथा उपकप्तान शेखले तीन चाैका समेत हाने । कुशल भुर्तेलले अर्विजित ३५, राजाबर सिंहले २४, सुनिल धमलाले १५, याेगेन्द्रसिंह कार्कीले ६ रन तथा प्रेम तामाङ चार रनमा अविजित रहे । बलिङतर्फ न्युजिल्यान्डका नाथन स्मिथले तीन, क्रिष्टियन लियाेपाल्ड, अनिकेट पारिख, रचिन रविन्द्र र जेम्स फिन्लीले समान एक-एक विकेट लिए । न्युजिल्यान्डका लागि गेलेन फिलिप्सले सर्वाधिक ५२ रन बनाए । यस्तै डले फिलिप्सले ४५ तथा जेम्स फिनाईले ३७ रन बटुलेका थिए । न्युजिल्यान्डलाई सस्तैमा समेट्ने कममा नेपालका दिपेन्द्रसिंह ऐरीले तीन, प्रेम तामाङले दुई तथा सुनिल धमला र सदिप लामिछानेले समान एक-एक विकेट लिए ।

मलेसियामा गत अक्टाेबरमा सम्पन्न आइसिसी यु-१९ विश्वकप क्रिकेटकाे छनाेट प्रतियाेगिताकाे फाइनल खेलमा नेपालले आयरल्यान्डलाई पराजित गर्दै विश्वकपकाे लागि छनाेट भएकाे थियाे । निकै कठिन समूहमा परेकाे नेपालले आफ्नाे दाेस्राे खेलमा शनिवार आयरल्यान्डकाे सामना गर्नेछ । समूह डी मा नेपालसहित आयर्ल्यान्ड, आयरल्यान्ड र भारत छन् । रासस

छालाको रोगीहरूलाई खुशीको खबर

डर्मेटिया, अष्ट्रोलिया तथा डायमण्ड विशेष गरीमा प्राप्त Dermatologist, Venereologist, medical Cosmetologist & Hair Transplang Surgeon. (छाला, कपुरोग, यौन रोग तथा सौन्दर्य विशेषज्ञ) डा. शम्भुराज जोशी MBBS, MD, FAM, MBBS (नेपाल मेडिकल कलेज र KU) MD-Derma (सीर अन्तर्गत/NAMS), Fellowship (FAM/भारत)

छालाका रोगहरू

- दुलो, दद, झयाउ, दाँत बसाए तथा दीर्घरोगीसम्बन्धी सौन्दर्य, उपचार तथा राजकार्य । - झुल्का निधारमा, गोलमे, रातो हुलाए आदि (Urticaria) बाथ, सौन्दर्य र कस्मेटिकको असहज रातो भई गोलमे बसाए । - हातखुट्टा निधार भरी, सुतो तथा सतहिमा सेतो बसेको (Lipoma), गाँठागुँठी आदमे (Cyst), मुख (Wart) तथा सौन्दर्यको (Mole) उपचार तथा शल्यक्रिया । - अनुहारमा चाहे, पोतो (Melasma), कालो छाला र अनुहार भरी चाहेको वर्ण, छालाको हुलाए बसाए । (Pimple), पिलो, Keloid को बसाए । - शुलाई बाथ सुपरो दाद, खाज (Ringworm) कुकुरी, दिनेवर्ष, पुर्ते र औंलाहरुमा हुने पसाँरी बसाए । - छालाका कालो, बसाएका चाहा (Dandruff) पनि, निधारदेखि रातो वा बाथ दुलाएका आदमे बसाए । - सौतालो बसाए पैसा हुलो, सेतो पनो बसे, हेर्दा मिलाउने, रातो हुने बसाए । - दाँत खहरा, आतदेखि (Night fall), दैनिक हस्तमैथुनजन्य कमी, दाँत असहजुन्य, मुत्रसम्बन्धित र दाँत बसाए (Sexual Problem), कमजोर, नपुंसकता दीर्घरोग तथा हुने, निकाल पोतने बसाए । - Minor OT & Dermato Surgery को बसाए । - रगत, दैलो, निधार र दाँतो पाँडुरोगको सुविधा । - कानको लोती चाहिएको (चाहा) (Ear Lobule) विरामी । - चाहो बसाए, वह पाँडुरोगी (Zingrocing Nail), वह पोतो हुने, वह खुलेर, बाँकी र चाहा हुनी पनि बसाए, - पैतृक हुने पोतो (चाहो) वा मोटोपनो बसाए । - सोरियासिस (Psoriasis), Lichen Planus, सेतो हुने (Vitiligo), वाह्य वर्णन (Intertigo) को उपचार । -भाटो पनी पोतो (Herpes) सोरिए, पनी सोरिए, छाला पोतो, पोतो बसाए । - सौतला तथा बालबालिकाका (Paediatric Dermatology) विशेष छाला, बसाएको बसाए । Cosmetic सौन्दर्यसम्बन्धी पार्लरहरुको उपचार । - Mobile सेवाको पनी, Computer प्रविधिको प्रयोगद्वारा, सौन्दर्य उपचार तथा बसाए बसाए दिइन्छ ।

सम्पर्क : **अस्मानी फार्मेसी**
नयाँबजार, पोखरा (नगरकी मेडिकल कलेजको अगाडि परिचयात्मक डेप्टनहोमसरी)
फोन नं. ८८५६०३७३७८, ०६१-५३७७७८, ८८५६०२१५८०, ८८५६०७४४८

सुन्दर हेयर एण्ड ब्युटी

हामीकहाँ लेडिज एण्ड जेन्सकाे लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension मनकाे सबै ह्यापेड्रेड प्रोडक्टहरुद्वारा फेसियल मरिन्छ । साथै मेजी केयर, पेडी केयर पनि मरिन्छ ।
प्रत्येक सुविधामा १५ प्रतिशत छुटकाे व्यवस्था समेत मरिएकाे छ ।

सम्पर्क: ९८४६२५५३३०
पोखरा ट्रेड मल, चिप्लेढुङ्गा
(First Floor X2)

जापानी भाषा सिक्न चाहनेहरूलाई खुशीको खबर

दक्ष तथा JLPT २ लेभल पास शिक्षकबाट भाषा सिकाइने यस ओहायो एजुकेशनल इन्स्टिच्युटमा जापानी भाषाको नयाँ कक्षा संचालन भइरहेको जानकारी गराइन्छ ।

ठेगाना : न्यूरोड, पोखरा
फोन : ०६१-५४००३६, ९८४६०३७२५१

तुरून्त आवश्यकता

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकमा संचालित **चिनारी थकाली भान्छाघर**का लागि निम्न कर्मचारी आवश्यक परेकाले इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

क्र.सं.	पद	संख्या
२.	कुक	१ जना

पारिश्रमिक : आकर्षक तथा आपसी समझदारीमा

सम्पर्क : **चिनारी थकाली भान्छाघर**
मानवअधिकारचोक, चिप्लेढुंगा, पोखरा
फोन : ०६१-५२६३०९

हार्दिक अनुरोध

बजिरमान श्रेष्ठ

नेपाली कांग्रेसको आसन्न १३ औं महाधिवेशनमा नेपाली कांग्रेस पोखरा उपमहानगर समितिको सभापति पदका उम्मेदवार म बजिरमान श्रेष्ठलाई आफ्नो अमूल्य मत प्रदान गरी अत्याधिक मतले सभापति पदमा विजयी गराइदिनुहुन सम्पूर्ण आदरणिय क्रियाशिल सदस्यज्यूहरुमा हार्दिक अनुरोध गर्दछु ।

बजिरमान श्रेष्ठ
पोखरा-१३

कोरियन भाषामा भर्ना खुल्यो

नेपाल सरकारबाट कोरिया भाषाको स्वीकृति प्राप्त प्रेम कोरियन ल्याङ्ग्वेज इन्स्टिच्युटमा कोरियामा ५ वर्ष बसी कोरियन भाषाको व्याकरण र उच्चारण विधि अध्ययन गरेर आउनुभएका ख्यातिप्राप्त शिक्षकद्वारा अडियो तथा भिडियो माध्यमबाट EPS-TOPIK कोर्ष अध्यापन गराइन्छ ।

सम्पर्क
प्रेम कोरियन ल्याङ्ग्वेज इन्स्टिच्यूट
न्यूरोड, पोखरा (पृथिमा हल अगाडि, मेट्रो डेभलपमेन्ट बैंकरुमै)
फोन : ०६१-५२०८५२, ८८१७१४४६३३, ८८४६०७७६९४

हार्दिक बधाई एवं शुभकामना

ला. गोविन्द बहादुर क्षेत्री

लायन्स क्लब अफ पोखरा अर्पणका एक्सटेन्सन चियर पर्सन लायन गोविन्द बहादुर क्षेत्रीज्यू तीन दशक भन्दा बढी लायन्समा लागेर महत्वपूर्ण भूमिका खेलेकाे भन्दै ए.एन.ए.एफ. कन्फरेन्समा लायन्स क्लब अन्तर्राष्ट्रिय ३२५ बी २ बाट सम्मानित हुनुभएकाेमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँकाे उत्तरोत्तर प्रगति, उज्वल भविष्य, सु-स्वास्थ्य एवं दीर्घायुकाे शुभकामना व्यक्त गर्दछौं ।

MJF लायन लक्ष्मी क्षेत्री पाण्डे
अध्यक्ष एवं
लायन्स क्लब अफ पोखरा अर्पण परिवार

विश्वकर्मा अटो वर्क्स
नयाँबजार, पोखरा, फोन : ०६१-५३३३५३, ५३६०२२, ८८५६०३२५७८, ८८५६०५५७८५

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्युज राष्ट्रिय दैनिकका लागि अध्यक्ष प्रधान सम्पादक **अगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९५५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा